नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

संविधान कार्यान्वयन गर्दै मुलुकलाई संघीय संरचनामा रुपान्तरण गर्ने महत्वपूर्ण कडीको रुपमा रहेको प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन संघारमा आइरहेको छ । राजनीतिक दल, उम्मेदवार र मतदाता एवम् सन्चार जगत र आम जनसमुदाय निर्वाचनका कार्यक्रमहरुमा उत्साहजनक रुपमा सहभागी भई मुलुक निर्वाचनमय भइरहेको छ । मजबुत सुरक्षा प्रदान गरी निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने अभिभाराप्रति गृह प्रशासन र सबै सुरक्षा अंग सजग र संवेदनशील रहेको व्यहोरा स्मरण गराइन्छ ।

यस क्रममा निर्वाचन सुरक्षा योजनाका रणनीति र कार्यनीतिहरु क्रमश कार्यान्वयन गर्दै निर्वाचन पूर्वको सुरक्षा व्यवस्था तयारी अन्तिम चरणमा रहेको छ । सुरक्षा योजना बमोजिम सबै सुरक्षा निकायका सुरक्षाकर्मीहरु कार्यक्षेत्रमा परिचालित भई निरोधात्मक र प्रतिरोधात्मक सुरक्षा कारबाहीहरु सञ्चालन भइरहेका छन् । निर्वाचन सुरक्षा योजना कार्यान्वयन गर्ने सिलसिलामा गृह मन्त्रालयबाट सबै प्रदेशहरुमा सुरक्षा गोष्ठी सम्पन्न भइसकेको छ । जिल्लाको सुरक्षा व्यवस्थाका बारेमा समीक्षा गर्दै निर्वाचन सम्पन्न गराउन त्रुटीरहित सुरक्षा व्यवस्था अपनाई सम्पूर्ण आवश्यक सुरक्षा कार्यवाहीहरुलाई थप प्रभावकारी तुल्याउने निष्कर्षका साथ सुरक्षा गोष्ठीहरु सम्पन्न भएका छन् । सुरक्षा गोष्ठीहरुमा सम्माननीय प्रधानमन्त्री एवम् गृह मन्त्रीज्यूबाट जनताको लोकतान्त्रिक अधिकारको उच्च सम्मान गर्दै निर्वाध रुपमा मतदान गर्न पाउने हक प्रत्याभूत गर्न सुरक्षा निकायहरुलाई निर्देशन दिनुभएको छ ।

साथै सम्माननीय प्रधानमन्त्री एवम् गृह मन्त्रीज्यूको अध्यक्षतामा बसेको केन्द्रिय सुरक्षा समितिको बैठकले मुलुकको निर्वाचन सुरक्षाका विषयमा समीक्षा गरेको छ । बैठकले निर्वाचन विरोधी अपराधिक गतिविधिलाई निस्तेज र निष्प्रभावी तुल्याउँदै राजनीतिक दलका नेता, उम्मेदवार, मतदाता, कर्मचारी, सन्चारकर्मी, मतदान सामाग्री लगायत निर्वाचनमा सहभागी सबैको सुरक्षा व्यवस्थाको प्रत्याभूति गर्ने र विष्फोटन लगायतका निर्वाचन विरोधी गतिविधिमा संलग्न जो कोहीलाई यथाशिघ्र नियन्त्रणमा लिई कानून बमोजिम कारबाही गर्ने निर्देशन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ । बैठकले विष्फोटन लगायतका घटनाहरुमा परी घाइते भएका व्यक्तिहरुको उचित स्वास्थ्योपचारको आवश्यक प्रबन्ध मिलाउन निर्देशन दिनुको साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

०७४।८।८

नारायण प्रसाद शर्मा दुवाडी
प्रवक्ता